**National News Bulletin**

**April 16, 2025**

**प्रमुख समाचार:**

1. पूर्वोत्तर क्षेत्र विकास मन्त्रालय, डोनरद्वारा राजदूतहरूको बैठक आयोजित
2. केन्द्रीय जनजाति मामिला राज्यमन्त्री आज सोरेङमा आयोजित बैठकमा सहभागी
3. केन्द्रले आगामी मई 1 देखि 4 सम्म पहिलो विश्व श्रव्य-दृश्य एवं मनोरञ्जन शिखर सम्मेलन आयोजना गर्दै
4. जी-4 देशहरूले संयुक्त राष्ट्र सुरक्षा परिषदमा धर्मका आधारमा सिट बाँडफाँड गर्ने प्रस्तावकको गरे विरोध
5. आज साँझ क्रिकेटमा दिल्ली क्यापिटल्स र राजस्थान रोयल्स भिड्दै

**अब समाचार विस्तार**

**North-East Doner**

भारतको पूर्वोत्तरमा अन्तरराष्ट्रिय सहयोग बढाउन े र वैश्विक लगानीलाई बढावा दिने उद्देश्यले महत्त्वपूर्ण कदमका रूपमा पूर्वोत्तर क्षेत्र विकास मन्त्रालय, डोनरले हिजो नयाँ दिल्लीमा राजदूतहरूको बैठक आयोजना गऱ्यो, जसमा 80 भन्दा धेरै देशका राजदूत, उच्चायुक्त र वरिष्ठ राजनयिक प्रतिनिधिहरूले भाग लिए। कार्यक्रमको उद्देश्य पूर्वोत्तर क्षेत्रको अपार सम्भावना प्रदर्शित गर्न ु र दिगो विकासका लागि द्विपक्षीय सम्बन्ध सुदृढ बनाउनु रहेको छ। बैठकमा पूर्वोत्तर क्षेत्रका विकास मन्त्री ज्योतिरादित्य एम. सिन्धियाले आर्थिक अनि भूराजनीतिक दृष्टिकोणले यस क्षेत्रको रणनीतिक महत्त्वमाथि जोड दिनुभयो। डोनर राज्यमन्त्री डा. सुकान्त मजुमदारले पूर्वोत्तर क्षेत्रको अपार सम्भावनाबारे अवगत गराउनुभयो। त्यसैगरी, विदेश मन्त्री एस जयशङ्करले भिडियो सन्देशमार्फत पूर्वोत्तर भारत विकास नीतिमा सबैभन्दा अघि रहेको बताउनुभयो। उल्लेख्य, यो बैठक आगामी 23 र 24 मईमा डोनर मन्त्रालयद्वारा आयोज ित गरिने पूर्वोत्तर निवेशक शिखर सम्मेलनअघिको शिखर गतिविधिमध्ये एक हो। कार्यक्रमले अपेक्षित सफलता प्राप्त गरेको छ, जसमा राजदूत  र राजनयिकहरूले पूर्वोत्तर राज्यहरूद्वारा पेश गरिएका सम्भावनाहरू पत्तो लगाउन भारतीय हितधारकहरूसँग साझेदारी गर्न ठूलो रुचि देखाएका छन्। कार्यक्रमले सार्थक संवादलाई मात्र बढाव नदिई भावी साझेदारीका लागि पनि आधार तयार गरेको छ, जसबाट क्षेत्रमा आर्थिक विकास अनि दिगो विकासले बढावा पाउनेछ।

**Tribal Affairs Minister**

केन्द्रीय जनजाति मामिला राज्यमन्त्री दुर्गादास उईके आज सोरेङ जिल्लाको भ्रमणका क्रममा रुर्बन कम्प्लेक्स, सोरेङमा आयोजित बैठकमा सहभागी हुनुभयो। उहाँले आफ्नो उपस्थिति र सांस्कृतिक पहिरनबाट सिक्किमलाई प्रस्तुत गर्ने कार्यक्रममा उपस्थित व्यक्तिहरूको प्रशंसा गर्नुभयो। श्री उईकेले स्वास्थ्य तथा समाज कल्याण विभाग, सार्वजनिक निर्माण विभाग, सडक तथा पुल विभाग, खाद्य तथा नागरिक आपूर्ति विभाग, कृषि विभाग, शिक्षा विभाग, स्वयम् सहायता समूह र आ ँगनवाड़ी कार्यकर्ता लगायत विभिन्न विभागहरू अन्तर्गत चलिरहेका केन्द्रीय योजनाहरूबारे पनि जानकारी लिनुभयो। प्रस्तुतिमा क्षेत्रगत प्रगति र उपलब्धिहरूलाई प्रदर्शित गर्ने प्रमुख कार्यसम्पादन सूचकहरू पनि समेट िनुका साथै जिल्लामा अनुसूचित जनजाति जनसङ्ख्याबारे जनसांख्यिकीय विवरण र सम्पूर्णता अभियानको अपडेटहरू पनि साझा गरियो। साथै, उहाँले सुलभ इन्टरनेशनलसँगको साझेदारीमा विद्यालयमा एक दिन, स्वच्छ पानी, स्वस्थ हामी, घरदैलोमा सुशासन र विद्यालय सरसफाइमार्फत बालिका कल्याणको प्रवर्धन जस्ता जिल्लाका केही पहलहरू प्रकाश पार्नुभयो।

**Train-Ashwini Baishnav**

रेल मन्त्री अश्विनी वैष्णवले आज देशमा पहिलो रेल 16 अप्रेल 1853 मा चलाइएको ऐतिहासिक दिनको स्मरण गर्नुभयो। आज त्यस दिनको 172 औँ वार्षिकोत्सव हो। त्यस दिन महाराष्ट्रको बोरीबन्दरबाट थानेका लागि पहिलो रेल छुटेको श्री वैष्णव बताउनुभयो। उहाँले सामाजिक सञ्जाल पोस्टमा यसलाई ऐतिहासिक दिन भन्दै, त्यस रेलमा 14 डब्बा रहेका, जसमा 400 यात्रु सवार थिए भनी उल्लेख गर्नुभयो। रेललाई सिन्ध, सुल्तान र साहेब नामका तीन इन्जिनद्वारा तानेर ३४ किलोमिटरको दूरी एक

घण्टा १५ मिनेटमा पार गराएको थियो। श्री वैष्णवले त्यो पहिलो यात्रादेखि नै भारतीय रेल देशको सेवा गर्न तत्पर रहेको जानकारी दिनुभयो।

**Webs:NSD**

मिडिया र मनोरञ्जन क्षेत्रका लागि एक ऐतिहासिक कार्यक्रम, पहिलो विश्व श्रव्य-दृश्य एवं मनोरञ्जन शिखर सम्मेलन, भारत सरकारद्वारा 1 देखि 4 मई, 2025 सम्म मुम्बईमा आयोजित गरिनेछ। यो सम्मेलनले पेशेवर, निवेशक, निर्माता वा नवप्रवर्तक सबैलाई आबद्ध हुने, नेटवर्क बनाउने, नवप्रवर्तन सृजना गर्ने र एम एवं ई परिदृश्यमा योगदान दिनका लागि सर्वोत्तम वैश्विक मञ्च प्रदान गर्नेछ। वेभ्स, देशको रचनात्मक शक्तिलाई बढाउन अनि विषयवस्तु निर्माण, बौद्धिक सम्पदा एवं प्रविधि नवाचारको केन्द्रका रूपमा आफ्नो स्थिति विस्तार गर्न तयार छ। यसमा उद्योग क्षेत्रलाई विशेष ध्यान दिइएको छ, जसमा प्रसारण, प्रिन्ट मिडिया, टेलिभिजन, रेडियो, फिल्म, एनिमेशन, भिजुअल इफेक्ट्स, गेमिङ, कमिक्स, ध्वनि तथा सङ्गीत, विज्ञापन, डिजिटल मिडिया, सोसियल मिडिया प्लेटफर्म, जेनरेटिभ एआई, संवर्धित वास्तविकता एआई, आभासी वास्तविकता भीआर र विस्तारित वास्तविकता एक्सआर सामेल छन्।

**G-4 Religious Representative**

भारत, ब्राजिल, जर्मनी र जापानलगायत अन्य G-4 देशहरूले संयुक्त राष्ट्र सुरक्षा परिषदमा धर्मका आधारमा सिट बाँडफाँड गर्ने प्रस्तावको विरोध गरेका छन्। संयुक्त राष्ट्रका लागि भारतका स्थायी प्रतिनिधि पार्वथनेनी हरिशले परिषद्को सुधारका लागि धार्मिक आबद्धता जस्ता नयाँ मापदण्डहरू लागू गर्ने प्रस्ताव राष्ट्र संघको स्थापित अभ्यास विपरीत भएको बताउनुभयो। उहाँले हिजो न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघको मुख्यालयमा परिषद् सुधारसम्बन्धी अन्तर-सरकारी वार्ताको बैठकमा G-4 को तर्फबाट बोल्नुभयो। भारतीय प्रतिनिधिले संयुक्त राष्ट्र संघमा परिषद्को सदस्यताका लागि धर्म होइन, क्षेत्रीय प्रतिनिधित्व स्थापित हुनुपर्ने कुरामा जोड दिनुभयो। हाल परिषदका पाँच स्थायी सदस्यमा चीन, अमेरिका, बेलायत, फ्रान्स र रूस रहेका छन्।

**India-Ujbikestan**

भारत-उज्बेकिस्तान संयुक्त सैन्य अभ्यास **डस्टलिक-6** को छैटौँ संस्करण आज पुणेको औन्धस्थित विदेशी प्रशिक्षण केन्द्रमा सुरु भयो। भारतीय टोलीको प्रतिनिधित्व जाट रेजिमेन्टको बटालियनले गरेको छ जसमा ६० सैनिक र भारतीय वायुसेना छन्। रक्षा मन्त्रालयका अनुसार, यो अभ्यास वार्षिक प्रशिक्षण कार्यक्रम हो, जुन भारत र उजबेकिस्तानमा पालैपालो आयोजना गरिन्छ। यस अभ्यासले दुवै देशलाई संयुक्त सैन्य कौशल, प्रविधि र प्रक्रियामा उत्कृष्ट अभ्यासहरू साझा गर्न सक्षम बनाउँछ, साथै रक्षा सहयोगलाई पनि अभिवृद्धि गर्नेछ। यसबाट दुई मित्र देशबीच द्विपक्षीय सम्बन्ध अझ सुदृढ बन्नेछ। यो अभ्यास अप्रेल २८ सम्म जारी रहनेछ।

**Income Tax Bill-Meeting**

नयाँ आयकर विधेयक, २०२५ बारे छलफल गर्न आज लोकसभाको चयन समितिको बैठक संसद भवनमा बसेको छ। ३१ सदस्यीय समितिको अध्यक्षता बीजेपी सांसद बैजयन्त पाण्डेले गर्नुभयो। समितिले संसदको मनसुन सत्रको पहिलो दिन प्रतिवेदन बुझाउने छ। आयकर विधेयक 2025 ले आयकरसम्बन्धी अधिनियमलाई एकीकरण र संशोधन गर्ने लक्ष्य राखेको छ। यसलाई संसदको बजेट सत्रको पहिलो भागमा लोक सभामा पेश गरिएको थियो। पछि त्यस विधेयकलाई सदनको छनोट समितिमा पठाइएको थियो।

**Palzor Tamang-Contract**

सिक्किम क्रिकेट सिनियर पुरुष टोलीका प्रमुख सदस्य पाल्जर तामाङले इङ्ल्यान्डको फेलिङ क्रिकेट क्लबसँग ६ महिनाका लागि सम्झौता गरेका छन्। नीलेश लामिछानेपछि विदेशी क्लबसँग सम्झौता गर्ने उनी सिक्किमका दोस्रो क्रिकेटर हुन्। सिक्किम क्रिकेट संघ, SICA ले प्रेस विज्ञप्तिमा पाल्जर तामाङ इङ्गल्याण्ड पुगिसकेको छ अनि उनले इङ्गल्याण्ड तथा वेल्स क्रिकेट बोर्ड, ECB प्रिमियर लिगको एक हिस्सा ECB-सम्बद्ध नर्थ ईस्ट प्रिमियर लिगलगायत विभिन्न प्रतियोगितामा फेलिङ क्रिकेट क्लबको प्रतिनिधित्व गर्नेछन् भनी बताएको छ। यस उपलब्धिका लागि सिकाले श्री तामाङलाई बधाई दिँदै, निरन्तर सफलताको कामना गरेको छ।

**IPL**

आईपीएल क्रिकेटको आजको खेलमा साँझ साँढे सात बजेदेखि नयाँ दिल्लीमा दिल्ली क्यापिटल्सले राजस्थान रोयल्सको सामना गर्नेछ। गएराति चण्डीगढमा सम्पन्न खेलमा पंजाब किंग्सले कोलकाता नाइट राइडर्सलाई १६ रनले पराजित गऱ्यो। पंजाब किंग्सले कोलकाता नाइट राइडर्सलाई १ सय १२ रनको लक्ष्य दिएको थियो। त्यसको जवाफमा कोलकाताको टोलीले १५ ओभर एक बलमा ९५ रन मात्र बनाउन सक्यो। यो, आईपीएल इतिहासकै सबैभन्दा कम स्कोर हो। पंजाब किंग्सका युजभेन्द्र चहलले ४ विकेट लिएर उत्कृष्ट प्रदर्शन गरे र उनी खेलको प्लेयर अफ द म्याच घोषित भए।

**प्रमुख समाचार पुन: एकपटक**

1. पूर्वोत्तर क्षेत्र विकास मन्त्रालय, डोनरद्वारा राजदूतहरूको बैठक आयोजित
2. केन्द्रीय जनजाति मामिला राज्यमन्त्री आज सोरेङमा आयोजित बैठकमा सहभागी
3. केन्द्रले आगामी मई 1 देखि 4 सम्म पहिलो विश्व श्रव्य-दृश्य एवं मनोरञ्जन शिखर सम्मेलन आयोजना गर्दै
4. जी-4 देशहरूले संयुक्त राष्ट्र सुरक्षा परिषदमा धर्मका आधारमा सिट बाँडफाँड गर्ने प्रस्तावकको गरे विरोध
5. आज साँझ क्रिकेटमा दिल्ली क्यापिटल्स र राजस्थान रोयल्स भिड्दै